श्री Diijon DaCosta, Sr., *समितिका अध्यक्ष*
सुश्री Deirdre P. Pierce, *उपाध्यक्ष*
श्रीमती Anna Hill
श्रीमती Whitney McGinniss
श्रीमती Allyson Gevertz
श्रीमती Vickie B. Turner
डा. Joyce Morley

DeKalb County School District

डा. Devon Q. Horton, *सुपरिन्टेन्डेन्ट*

**तत्काल प्रकाशन गर्न मिल्ने**

बुधवार, जुलाई 24, 2024

**सम्पर्क:**
Donald Porter, *Ed.D.* 678-481-4110
Carla Parker 404-734-1717

# DCSD ले आफ्ना विद्यार्थीहरूमा अफ्रिकी अमेरिकी शिक्षालाई निरन्तरता दिने प्रतिबद्धता अभिव्यक्त गरेको छ; सुपरिन्टेन्डेन्टले भन्नुभयो कि यसले समुदायको विविधतायुक्त इतिहास र संस्कृतिको बारेमा चिन्तन गर्छ

(STONE MOUNTAIN, GA)— आज, DeKalb County School District (*DCSD*) का सुपरिन्टेन्डेन्ट डा. Devon Q. Horton ले Advanced Placement (*AP*) अफ्रिकी अमेरिकी अध्ययान शिक्षा पाठ्यक्रमलाई समर्थन गर्ने आफ्ना निरन्तर उपायहरूको बारेमा प्रकाश पार्दै विद्यार्थीहरका लागि उच्च गुणस्तरीय शैक्षिक अनुभव प्रदान गर्ने प्रतिबद्धता पुष्टि गर्नुभयो ।

“हाम्रा विद्यार्थीहरूले AP अफ्रिकी अमेरिकी शिक्षाबाट फाइदा लिन्छन् भनेर सुनिश्चित गर्नका निम्ति हामी आवश्यक श्रोतसाधनहरूका लागि स्थानीय स्तरबाट कोष जुटाउन प्रतिबद्ध छौं । यसमा उपयुक्त तालिम मार्फत हाम्रा शिक्षकहरूलाई तयार पार्ने कुरा, शिक्षण सामग्रीहरूमा लगानि गर्ने कुरा, र AP परीक्षण शुल्कमा सहयोग गर्ने कुरा समावेश छ,” डा. Horton ले भन्नुभयो ।

“मेरो पेसागत जीवनभर, मैले विद्यार्थीहरू अनुत्तीर्ण हुँदैनन्; प्रणालीले हाम्रा विद्यार्थीहरूलाई अनुत्तीर्ण बनाउँछ भनेर व्याख्या गरेको छ । हाम्रा विद्यार्थीहरूलाई विस्तृत र समावेशी शिक्षा प्रदान गर्नु हाम्रो लक्ष्य तथा जिम्मेवारी बन्नु पर्दछ जसले हाम्रो सामुदायको विविधतायुक्य इतिहास र संस्कृतिलाई प्रतिबिम्बित गर्छ ।”

DCSD ले शैक्षिक वर्ष 2024-25 मा आफ्ना चार उच्च विद्यालयहरूमा AP अफ्रिकी अमेरिकी शिक्षा प्रदान गर्नेछ । हाल एक सय एकाउन्न विद्यार्थीहरू भर्ना भएका छन् ।

| **DCSD उच्च विद्यालय** | **विद्यार्थीहरूको सङ्ख्या** |
|---|---|
| Arabia Mountain HS | 82 |
| Dunwoody HS | 26 |
| Lakeside HS | 43 |
| Towers HS | नयाँ भर्ना पूरा नभएको |
| **हालको कुल सङ्ख्या** | **151** |

DCSD अफ्रेकी अमेरिकी इतिहास र योगदानको सम्मान गर्ने विविधतायुक्त तथा समावेशी पाठ्यक्रम प्रति प्रतिबद्ध छ ।

XXX